*प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्*

# गण्डकी प्रदेश कार्यालय, पोखरा

डिप्लोमा तथा प्रमाणपत्र तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्ति तर्फका लागि आवेदन

फारम भरेका परीक्षार्थीहरुको नतिजा प्रकाशन सम्वन्धी

## अत्यन्त जरुरी सूचना

*प्रथम पटक प्रकाशित सूचना मिति २०७९।०६।०१*

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी,भक्तपुरको **मिति २०७९।०४।१२ गते** गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार डिप्लोमा तथा प्रमाणपत्र तहको शैक्षिक सत्र २०७९।०८० का लागि वर्गिकृत (निःशुल्क) छात्रवृत्तिको परीक्षा आवेदन फारम भरेका आवेदकहरुवाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण भर्ना सम्वन्धी निर्देशिका, २०७९ र सूचनामा उल्लेख भए बमोजिम योग्यता क्रमानुसार नतिजा प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । मुख्य सफल परीक्षार्थीहरुले **मिति २०७९।०६।१०** गतेसम्म कार्यालय समयभित्रमा तोकिएको शिक्षण संस्थामा आफ्नो **सक्कल प्रवेश पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्म दर्ताको प्रमाणपत्र, आफु छनोट भएको लक्षित वर्गको सक्कल प्रमाण** सहित सिफारिस गरिएको शिक्षण संस्थामा भर्ना भई सक्नुपर्नेछ । सम्वन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरुले पेश गरेका प्रमाणपत्रहरु रुजु गरि भर्ना गर्नु गराउनु हुन अनुरोध छ । साथै तोकिएको अवधिभित्र परीक्षार्थीहरु भर्ना हुन नआई कोटा रिक्त रहेमा भर्ना हुन नआएका परीक्षार्थीहरुको **नाम, सिम्वल नम्वर, लक्षित वर्ग, कोटा खुलाई भर्ना म्याद सकिएको ३ दिन भित्रमा** लिखित रुपमा यस प्रदेश कार्यालयमा वा इमेल ठेगाना exam.ctevtgandaki@gmail.com मा अनिवार्य रुपमा जानकारी गराउनु हुन अनुरोध छ । प्रकाशित नतिजाको विस्तृत विवरण www.ctevtexam.org.np तथा यस प्रदेश कार्यालयको वेवसाईट www.ctevtgandaki.org.np मा हेर्नुहुन अनुरोध छ । साथै परिक्षार्थीहरुले परिक्षा समयमा उत्तरपुस्तिकामा दिइएको निर्देशन र सुचनामा उल्लेखित शर्तहरु पालना हुन नसकेका कारण रद्द गरिएको व्यहोरा समेत जानकारी गराइन्छ ।

**निर्देशक**